# जिराभवानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सेढवा पर्सा
प्रदेश नं २, नेपाल

Mobile no :-9855015100
Email:- lto.jirabhawanimun@gmail.com
Website:- Jirabhawanimun.gov.np


पत्र संख्या :- ०७६।७७ मिति :- २०७६।११।२३

चलानी नं. :- ४०८

श्री वडा कार्यालय सबै,
जिराभवानी गाउँपालिका, पर्सा।

विषय :- जानकारी सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौंको पत्र संख्या स्वा. त. स. शा. /अन्य/फा. सं ३/०७६/७७ च. न. ३५२, मिति २०७६।११।२२ पत्रानुसारको न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सुचना सम्बन्धी पत्राचार गरिदिने सम्बन्धको प्राप्त पत्र संलग्न छ । सो सम्वन्धमा पत्रबाटै थप व्यवहोरा अवगत गर्नुभई सोही अनुसार आवश्यक व्यवस्था हुन अनुरोध छ ।

...............................
७६।११।२३

कुलोत्तम प्रसाद पोखरेल
(प्रमुख प्रशासकीय अधिकृत)

कुलोत्तम प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

## श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

प.स. ७६।७७

च.न. ११४

विषयः- सूचना ।

मितिः २०७६।११।२१

श्री स्थानीय तह (सबै)

(मार्फत संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम बेरोजगार व्यक्तिहरुले निवेदन दिने सम्बन्धी देहाय बमोजिमको सूचना आवश्यक कार्यर्थ पठाएको व्यहोरा मिति २०७६।११।१९ को निर्णयानुसार अनुरोध छ :-

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना**

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७।७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.npबाट प्राप्त गर्न सकिने छ ।

डा. लोकनाथ भुसाल

उपसचिव